# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 15.06.2025**

Kailash Mansarovar Yatra

कैलाश मानसरोवर यात्राका लागि श्रद्धालुहरूको पहिलो समुह आज नयाँ दिल्लीबाट गान्तोक आइपुग्दै छ। श्रद्धालुहरूलाई राज्य सरकारका अधिकारीहरूले भव्य स्वागत गर्ने व्यवस्था गरिएको छ। यो यात्रा पाँच वर्षको अन्तरालपछि पुन शुरु भएको हो।

आज गान्तोकमा बसे पछि भोलि यात्रीहरू 15 माइल जानेछन्। 15 माइलमा 17 जूनसम्म बसेर आफूहरूलाई मौसम अनुकुल बनाएपछि 18 जूनमा यो टोली सेरेथाङ जानेछ। सेरेथाङमा 19 जूनको दिन उनीहरूको स्वास्थ्य जाँच हुनेछ।

मुख्यमन्त्री प्रेमसिंह तामाङले बीस जूनको दिन नाथुलाबाट यात्रालाई झण्डी हल्लाएर बिदा गर्नुहुनेछ।

नथुलाबाट तिब्बतको कोङमा, लाजी, जोङबा, दारछेन, यमद्वार हुँदै 24 जूनको दिन देराफुक पुगी टोलीले पहिलो कैशाल परिक्रमा गर्नेछ। 25 जूनको दिन दोस्रो परिक्रमा हुनेछ भने 27 जूनको दिन मानसरोबरको परिक्रमा गरेपछि 28 तारिक फिर्ती यात्रा शुरु हुनेछ। 1 जुलाईको दिन नथुला हुँदै यो पहिलो टोली गान्तोक आइपुग्नेछ।

सोही प्रकारले दोस्रो टोली 20 जूनको दिन दिल्लीबाट गान्तोक आइपुग्नेछ। त्यसपछि क्रमशः 27 जून, 2 जुलाई, 9 जुलाई, 14 जुलाई, 21 जुलाई, 26 जुलाई, 2 अगस्त र 7 अगस्तमा अन्य टोलीहरू क्रमशः दिल्लीबाट गान्तोक आइपुग्नेछन्।

यस वर्षको कैलाश मानसरोवर यात्रा 24 अगस्तको दिन समाप्त हुनेछ।

## Yoga Pakyong

जति जति अन्तर्राष्ट्रिय योग दिवस नजिक आउँदै छ उति उति राज्यका विभिन्न स्थानमा योग प्रशिक्षण शिविरहरूको आयोजना भइरहेका छन्। आज पूर्व सिक्किमको पाकिम जिल्लाको राष्ट्रिय आयुष मिसनले पाकिम नयाँ बजारको लक्ष्मीनारायण मन्दिरमा योग शिविरको आयोजना गऱ्यो। शिविरको सञ्चालन आयुषका चिकित्सा अधिकारी डा. कुलजन लामाले गर्नुभएको थियो।

Blood donation camp Pakyong

विश्व रक्तदाता दिवसको अवसरमा पाकिम विमानस्थलमा शनिबार रक्तदान शिविर सम्पन्न भयो। शिविरको आयोजना दार्जीलिङ रेड क्रस सोसाइटी अनि दार्जीलिङ जिल्ला अस्पताल ब्लड ब्याङ्कले मिलेर गरेका थिए।

HELICOPTER-CRASH

उत्तराखण्डमा आज बिहान केदारनाथ क्षेत्रको गौरीकुण्ड खर्कको पहाडी क्षेत्रमा एउटा हेलीकप्टर दुर्घटनाग्रस्त हुँदा सताजनाको मृत्यु भयो। जसमा 6 जना तीर्थयात्री र एक पाइलट सामेल छन्।

National Boxing Championship

आगामी 19 देखि 25 जूनसम्म हरियाणाको रोतकमा हुने छैटौं राष्ट्रिय जुनियर बक्सिङ च्याम्पियनसीपमा सिक्किमका खेलाडीहरूले पनि सहभागिता जनाउने भएका छन्। पुरुष र महिला दुवैका लागि अन्डर 17 वर्गमा आयोजना हुने यस प्रतियोगितामा भाग लिने खेलाडीहरूलाई शनिबार सोरेङमा एक कार्यक्रम आयोजना गरी बिदा गरियो। सोरेङबाट केसाङ शेर्पा र सुमन लेप्चाले यस च्याम्पियनसीपमा राज्यको प्रतिनिधित्व गर्दैछन्।

**Weather Report**

मौसम विज्ञान केन्द्र गान्तोकले दिएको जानकारी अनुसार बितेको 24 घण्टामा राज्यका प्रायः सबैजसो स्थानमा धेरथोरै पानी परेको छ। अधिकतम तापमान राज्यका प्रायजसो भागमा लगभग 3 डिग्री सेल्सियसले बढेको बताइएको छ। पाकिम जिल्लाको माझिटारमा सर्वाधिक

अधिकतम तापमान 35 डिग्री सेल्सियस मध्यान्नमा रेकर्ड भएको छ भने न्युनतम तापमान गेजिङमा 16 दशमलव 8 डिग्री सेल्सियस रेकर्ड भएको छ।
यसैबीच, बितेको 24 घन्टामा गान्तोक तथा वरिपरीको क्षेत्रमा अधिकतम तापमान 25 दशमलव 7 डिग्री सेल्सियस रेकर्ड गरियो भने न्यूनतम तापमान 18 दशमलव 5 डिग्री सेल्सियस रेकर्ड गरियो।

**आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो।**